नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाइ, नुवाकोट**

फोन नं.: ०१०-५६०२१६
इमेल : pmamp.piu.nuwakot@gmail.com
वेबसाइट: piunuwakot.pmamp.gov.np

प.सं. २०८०/८१
सू.नं. ११

**प्राविधिक शिक्षालयको साझेदारिमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालनका लागि प्रस्ताब आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०८/०६ गते**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, नुवाकोटको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्राविधिक शिक्षालयको साझेदारिमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालन गर्न चाहने यस भन्दा पहिला सोहि कार्यक्रममा सहभागी नभएका नुवाकोट र रसुवा जिल्लाका कृषि प्राविधिक शिक्षालयहरुले तपशिल अनुसारको कागजात संलग्न गरी प्रथम पटक सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन मिति २०८०/०८/२० गते भित्र कार्यालय समयमा परियोजना कार्यान्वयन एकाइ नुवाकोटमा कार्यक्रम मागको निवेदन र प्रस्ताव दर्ता गराउनुहुन सम्बन्धित सबैमा जानकारिको लागी यो सुचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०१०-५६०२१६, ५६०४००, ९८५११०५८५६, ९८४३४७९५२२ मा सम्पर्क राख्न हुन अनुरोध छ।

**तपशिल:**

| क्र.स. | स्वीकृत कार्यक्रम | एकाइ | लक्ष्य | स्वीकृत बजेट (रु. लाखमा) | कैफितय |
|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षालयको साझेदारिमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालन अनुदान | पटक | १ | ३.५ | प्राविधिक शिक्षालयमा कृषि विषय अध्ययनरत विद्यार्थीहरुको अध्ययनसँगै उद्यमशीलता विकास गरी भविष्यमा दक्ष प्राविधिक उत्पादन गर्ने एवं व्यवसायी बनाई रोजगारी सृर्जना गर्न प्राविधिक शिक्षालयले कम्तिमा २५ % लागत साझेदारी गर्ने प्रतिवद्धता |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. रु. १० को टिकट टाँस गरेको निवेदन।
२. परियोजना कार्यान्वयन एकाइ नुवाकोटले तयार गरेको पूण रुपले भरिएको प्रस्ताव फारम।
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
४. कम्तिमा २५% लगानी गर्ने शिक्षालयको प्रतिवद्धता प्रत्र।
५. बिद्यार्थीहरुको प्रतिवद्धता र सहभागी हुने बिद्यार्थी संख्या एवं विवरण।

*__नोट:__ कार्यालयले तयार गरेको कार्यक्रम मागको आवेदन फाराम र तथ्याङ्क फाराम परियोजना कार्यान्वयन एकाइ ढुङ्गे नुवाकोट वा सम्पर्क कार्यालय, छहरे वा यस कार्यालयको वेबसाइट www.piunuwakot.pmamp.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ।*

०८०/०८/०६
कृष्ण प्रसाद उपाध्या
निमित्त वरिष्ठ कृषि अधिकृत

प्रविधिक शिक्षालयको साझेदारिमा व्यवसायीक उत्पादन कार्यक्रम संचालन अनुदानको लागि तयार प्रस्तावनाको नमूना फारम

१ प्राविधिक शिक्षालयको नाम र ठेगानाः

२ प्राविधिक शिक्षालयको परिचय ( परिचयको अतिरिक्त कृषि अध्ययनरत बिद्यार्थि संख्या, प्रत्येक बर्ष Pass out संख्या र कृषि अध्यापन गराउने जनशक्तिको विवरण समेत उल्लेख गर्नु पर्ने)

३ सहभागितात्मक ब्यवासायिक कृषि उत्पादनको बिस्तृत आवधरणा पत्र (प्राप्त अनुदान र आफ्नो लगानीबाट बाट के के गर्न खोजेको हो सो को बिस्तृत विवरण उल्लेख गर्ने)

४ जग्गा आफ्नै स्वामित्वमा भएको वा करारमा लिने हो यदि करारमा लिने भए कम्तीमा ५ वर्षको करार सम्झौता भएको करारनामा र लालपुर्जाको प्रतिलिपि जग्गा रहेको स्थान र क्षेत्रफल समेत उल्लेख गर्नु पर्ने

५ व्यबसायिक कृषि उत्पादन कार्यक्रम संचालनको अनुमानित लागत अनुमान (Activity अनुसार खर्च विवरण उल्लेख गर्ने)

६ व्यबसायिक कृषि उत्पादन कार्यक्रमको कुल लागत अनुमान

(क) संस्थाले व्यहोर्ने रकम रु.
(ख) स्थानीय तहले व्यहोर्ने रकम रु.
(ग) परियोजना संग माग गरिएको रकम रु.

७ व्यबसायिक कृषि उत्पादन कार्यक्रमबाट हुने बार्षिक उत्पादन, आम्दानी र खर्च विवरण

८ व्यवसायिक कृषि उत्पादनबाट प्राप्त उपलब्धि

९. व्यबसायिक कृषि उत्पादन कार्यक्रममा विद्यार्थी छनौट प्रक्रिया, उत्पादन तथा बिक्री योजना र प्रतिफल वितरण प्रक्रिया

१० व्यबसायिक कृषि उत्पादन कार्यक्रममा सहभागि हुने बिद्यार्थिहरुको प्रतिबद्धता संख्या सहित

| क्र.सं. | बिद्यार्थिको नाम | ठेगाना | बिद्यार्थिको तह (JT/JTA or 15 month/3 years) |
|---|---|---|---|
| | | | |

११ व्यबसायिक कृषि उत्पादन कार्यक्रमको दिगोपना (परियोजनाको अनुदान पश्चात कसरी संचालन हुन्छ बस्तुगत आधार पेश गर्नु पर्ने?)

१२ अन्य बिवरण केहि भए उल्लेख गर्ने

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, नुवाकोट
कार्यक्षेत्र नुवाकोट र रसुवा जिल्ला